संयुक्त राष्ट्र संघ सिसिपिआर/सि/११२/डि/२०५१/२०११

---

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी**

**अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

बितरणः साधारण

नोभेम्बर २६, २०१४

मूल प्रतिः अँग्रेजी

---

**मानव अधिकार समिति**

उजुरी नंः २०५१/२०११

**समितिको ११२ औं सत्र (अक्टोबर ७—३१, २०१४) मा ग्रहण गरिएको अभिमत**

| | |
|---|---|
| पेश गर्नेः | जीतमान बस्नेत र टोप बहादुर बस्नेत (कानूनी सल्लाहकार ट्र्याक इम्प्युनिटी अल्वेज (Track Impunity Always-TRIAL) द्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित भनी दाबी गरिएकोः | उजुरीकर्ताहरु |
| पक्ष राष्ट्रः | नेपाल |
| उजुरी मितिः | फेब्रुअरी ८, २०११ (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरूः | अप्रिल २१, २०११ मा पक्ष राष्ट्रलाई पठाइएको विशेष प्रतिवेदकको नियम ९७ अन्तर्गतको निर्णय (कागजातको रुपमा जारी नभएको) |
| अभिमत ग्रहण गरिएको मितिः | अक्टोबर २९, २०१४ |
| विषयवस्तुः | बलपूर्वक बेपत्ता पार्ने कार्य |
| सारभूत विषयः | यातना, क्रुर र अमनावीय व्यवहारमा प्रतिबन्ध; व्यक्तिको स्वतन्त्रता र |

| | |
|---|---|
| | सुरक्षाको अधिकार; मानव व्यक्तिमा निहित मर्यादाको सम्मान; कानूनको अगाडि व्यक्तिको रुपमा पहिचान र प्रभावकारी उपचारको अधिकार |
| कार्यविधिगत विषयः | घरेलु उपचारको उपयोग सम्बन्धी; दाबी सम्पुष्टिको तह |
| प्रतिज्ञापत्रको धाराहरूः | धारा २ को प्रकरण ३ एवम् धारा ६, ७, ९, १० र १६ समेत |
| स्वेच्छिक प्रोटोकलको धाराः | धारा २ र धारा ५ को प्रकरण २(ख) |

अनुसूची

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गत देहायको उजुरीका सम्बन्धमा मानव अधिकार समितिले ग्रहण गरेको अभिमत (Views)** (११२ औं सत्र)

**उजुरी नंः २०५१/२०११***

पेश गर्नेः जीतमान बस्नेत र टोप बहादुर बस्नेत (कानूनी सल्लाहकार ट्र्याक इम्प्युनिटी अल्वेज (Track Impunity Always-TRIAL) द्वारा प्रतिनिधित्व गरिएको)

पीडित भनी दाबी गरिएकोः उजुरीकर्ताहरु

पक्ष राष्ट्रः नेपाल

उजुरी मितिः फेब्रुअरी ८, २०११ (शुरूमा पेश गरिएको)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ अन्तर्गत स्थापित मानव अधिकार समितिको,

अक्टोबर २९, २०१४ मा बसेको बैठकले,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अन्तर्गत जीतमान बस्नेत र टोप बहादुर बस्नेतको तर्फबाट मानव अधिकार समिति समक्ष पेश गरिएको उजुरी नं. २०५१/२०११ को उजुरी उपर विचार विमर्श गरी,

समितिलाई उजुरीकर्ता र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएका सबै लिखित सूचनालाई दृष्टिगत गर्दै,

देहायको अभिमत ग्रहण गरेको छः

---

* प्रस्तुत उजुरीको छानबीन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियोः श्री यदवेन अचौर, श्री लाजहारी बुजिद, श्री क्रिष्टिन चनेट, श्री कर्नेलिस फ्लिनटरमान, श्री युजी इवाशावा, श्री वाल्टर कलिंन, श्री जोन्के जनेले मजोदिना, श्री गेराल्ड एल. न्युम्यान, श्री नीगेल रोडले, श्री भिक्टर म्यानुल रडग्रिज-रेस्किया, श्री फेवियन ओमार साल्भिओली, श्री अन्जा सिबर्त-फोर, श्री धिरुज्लल शीतुलसिंह, श्री युभल शानी, श्री कन्स्टान्टिन भार्देलास्भिली, श्री मार्गो वाटरभल तथा श्री एन्ड्री पल जातेचु ।

स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको अभिमत

१. यस उजुरीका उजुरीकर्ताहरु डिसेम्बर १७, १९७५ र अक्टोबर २७, १९८१ मा जन्मिएका नेपाली नागरिक क्रमशः जीतमान बस्नेत र टोप बहादुर बस्नेत हुन्। उनीहरुले पक्ष राष्ट्रले जीतमान बस्नेतको हकमा प्रतिज्ञापत्रको धारा ७, ९,१० र १६ र सोको साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको अधिकार र टोप बहादुर बस्नेतको हकमा धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको अधिकार उल्लंघन गरेको उजुरी गरेका छन्। उजुरीकर्ताहरुको प्रतिनिधित्व कानून व्यवसायीद्वारा गरिएको छ।

उजुरीकर्ताहरुद्वारा प्रस्तुत तथ्य

२.१ मुलुकमा जारी सशस्त्र द्वन्द्वको कारणबाट पक्ष राष्ट्रका अधिकारीले नोभेम्बर २००१ मा संकटकालीन अवस्थाको घोषणा गरेका थिए। आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले राज्यका अधिकारीहरुलाई आतङ्ककारी कार्यमा संलग्न भएको शंकाकै आधारमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्न सक्ने अधिकार दिएको थियो र संविधानले प्रत्याभूत गरेका धेरै मानव अधिकार र स्वतन्त्रता निलम्बन गरिएका थिए। यस पृष्ठभूमिको परिप्रेक्ष्यमा, द्वन्द्वका दुवै पक्ष प्रहरी र शाही नेपाली सेनाको अत्याचार र बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक रुपमा घट्ने गरेको थियो।[🗁] २००३ मा शाही नेपाली सेनाको काठमाडौंस्थित भैरवनाथ गण ब्यारेक, जसलाई महाराजगंज ब्यारेक पनि भनिन्थ्यो, माओवादी भएको शंका

[🗁] उजुरीकर्ताले बलपूर्वक वा अस्वेच्छिक बेपत्ताको कार्यदलको नेपाल भ्रमण, जनवरी २८, २००५ को प्रतिवेदन (E/CN.4/2006/65/Add.1), प्रकरण २५ र यातना र अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदकको नेपाल भ्रमण, जनवरी ९, २००६ को प्रतिवेदन (E/CN.4/2006/6/Add.5), प्रकरण १७ लाई उद्दृत गरेका छन्।

लागेका व्यक्तिहरुलाई थुनामा राख्न, दुर्व्यवहार गर्न, यातना दिन, बेपत्ता पार्न र हत्या गर्नको लागि एकान्त ठाउँको रुपमा कुख्यात थियो।[1]

२.२ जीतमान बस्नेत पत्रकार र *सगरमाथा टाइम्स्* का संस्थापक थिए। उनी काठमाडौंमा कानून व्यवसायी फर्ममा मानव अधिकार वकीलको रुपमा पनि कार्यरत थिए। टोप बहादुर बस्नेत उनका भाई पर्थे। उनीहरु एकै परिवारमा सँगसँगै हुर्केका थिए। फेब्रुअरी ४, २००४ मा सेनाका पोशाक लगाएका तीन जना व्यक्तिले जीतमान बस्नेतलाई उनको घर अगाडि भेटे। उनीहरुले जीतमानको बेइज्जत गर्न थाले र उनलाई पक्राउ गरेको हेर्न त्यहाँ मानिसहरु जम्मा भए। उनको आँखामा पट्टी बाँधेर उनलाई सैनिक सवारी साधनमा चढ्न बाध्य बनाइयो। उनलाई भैरवनाथ गण ब्यारेकमा लगियो। उनलाई पक्राउको कारणबारे कुनै जानकारी गराइएन।

२.३ ब्यारेकमा बसेको जीतमान बस्नेतको पहिलो रातमा, सैनिक अधिकारीहरुले उनलाई माओवादी क्रियाकलाप र उनीहरुको ठाउँबारे प्रश्न गरे। उनले आफूलाई केही थाहा नभएको बताएपछि ती सैनिकले उनीहरुले उनलाई लात्ताले हाने र बाँसको छडी र पोलिथिन पाइपले हिर्काए, उनको टाउकोलाई फोहोर र दुर्गन्धित पानी भएको ड्रममा धकेले र मार्ने धम्की दिए। उनी पटक पटक बेहोस हुने अवस्थामा थिए।पहिलो रातमा उनले आफ्ना सहकर्मी श्री जी.एल.को फोन उठाएका थिए र पहरेदारले फोन काट्नु अगाडि आफू तनावको स्थितिमा रहेको जानकारी गराउन सकेका थिए। फेब्रुअरी ५, २००४ मा श्री जी.एल. ले बस्नेत परिवारलाई उनको पक्राउको बारेमा जानकारी दिए। परिवारलाई उनको पक्राउको बारेमा

[1] उजुरीकर्ताले OHCHR को मे २००६ मा प्रकाशित २००३- २००४ मा शाही नेपाली सेनाको ब्यारेक, महाराजगंज, काठमाडौंमा स्वेच्छाचारी थुना, यातना र बेपत्ता पार्ने कार्यको अनुसन्धान सम्बन्धी प्रतिवेदन उद्दृत गरेका छन्।

थप जानकारी नभएकोले उनीहरुले जीतमान बस्नेतलाई सेनाले पक्राउ गरेको अनुमान गरे। टोप बहादुर बस्नेतले थुप्रै संघ संस्था र निकायहरुमा गई आफ्ना दाजुको अवस्था पत्ता लगाउने प्रयास गरेपनि, सफल भएनन्।

२.४ त्यसको दुई दिन पछि, जीतमान बस्नेतलाई पुनः सोधपुछ गरियो र कयौं घण्टासम्म यातना र गम्भीर दुर्व्यवहार गरियो। एक पटक महा सेनानी आर.बी ले अर्को एक पत्रकारलाई जस्तै उनलाई पनि मरणासन्न हुने गरी यातना दिने धम्की दिए। २५८ दिन सम्म उनी थुनामा रहेको स्थितिमा उनलाई अमानवीय अवस्थामा राखियो र उनी धेरै यातनाबाट पीडित भए। हातलाई पछाडि ढाडमा हतकडी लगाइएको र आँखामा पट्टी बाधिएको अवस्थामा भूईंमा एउटा पातलो ओछ्यानमा उनले दिन र रात बिताउनुपर्थ्यो। शून्य भन्दा कम तापक्रम भएको जाडोमा उनलाई छतमा प्वाल भएको टेन्टमा राखिएको थियो र सुत्नलाई एउटा पातलो ओढ्ने कपडा मात्र दिइएको थियो। एकदमै न्यून गुणस्तरको खाना थोरै परिमाणमा मात्र दिइन्थ्यो। त्यहाँ १०० भन्दा बढी थुनुवाको लागि एउटा मात्र शौचालय थियो। साथै, उनलाई बाहिरी संसार, आफ्नो परिवार र कानून व्यवसायी समेतसँग पनि कुनै सम्पर्क गर्न दिइएको थिएन। थुनुवाहरुलाई एक अर्कासँग बोल्ने अनुमति पनि थिएन र अन्तर्राष्ट्रिय रेडक्रस समिति (ICRC)ले ब्यारेकमा निरीक्षण गर्दाको हरेक समयमा उनीहरुलाई ब्यारेकको विभिन्न ठाउँमा लुकाएर राखिन्थ्यो।

२.५ जीतमान बस्नेतको थुनाको सम्बन्धमा पर्याप्त प्रचारप्रसार भईसकेकोमा मार्च १, २००४ मा अधिवक्ता श्री बी.एल. ले आफ्नै प्रयासमा नेपालको सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट दायर गरे र उनलाई थुनामा राखेको स्थानको जानकारी गराउन र उनलाई छुटाउन सम्बन्धित निकायलाई अनुरोध पनि गरे। उनलाई कुन स्थानमा थुनामा राखिएको र थुनामा

राख्नुको कारण समेत जीतमान बस्नेतको नातेदारलाई जानकारी नभएको कुरा रिट निवेदनमा उल्लेख छ।

२.६ मार्च ८, २००४ मा टोप बहादुर बस्नेतले राष्ट्रिय मानव अधिकार आयोग समक्ष आफ्नो दाजुलाई बेपत्ता पारिएकोमा अनुसन्धान गर्न अनुरोध गर्दै निवेदन पेश गरेका थिए।

२.७ मार्च ११, २००४ मा शाही नेपाली सेनाले सर्वोच्च अदालतलाई जीतमान बस्नेत सैनिक थुनामा नरहेको जानकारी दियो। सोही दिनमा, उनलाई आफू माओवादी भएको र द्वन्द्वका क्रियाकलाप र हत्यामा संलग्न भएको भन्ने गलत साबिती बयानमा बलपूर्वक हस्ताक्षर गराइयो। उक्त बयानमा उनलाई यातना नदिइएको कुरा समेत उल्लेख छ।

२.८ प्रयासका बाबजुद बस्नेत परिवारले जीतमान बस्नेत रहेको ठाँउबारे परस्पर विरोधी जानकारी प्राप्त गरे र उनी जीवितै रहेको र भैरवनाथ ब्यारेकमा रहेको निश्चित गर्न सकेनन्। टोप बहादुर बस्नेतले भैरवनाथ ब्यारेकका कमाण्डर, सशस्त्र प्रहरीका वरिष्ठ उपरिक्षक र शाही नेपाली सेनाको मानव अधिकार सेलका प्रतिनिधिलाई भेटेका थिए। तथापि, उनीहरुले उनलाई धम्काए र उनको दाजु भएको स्थान र उनको स्थिति सम्बन्धमा कुनै पनि जानकारी दिन अस्वीकार गरे।

२.९ जुन ४, २००४ मा बन्दी प्रत्यक्षीकरणको कारवाहीको सिलसिलामा सर्वोच्च अदालतले राष्ट्रिय मानव अधिकार आयोगलाई जीतमान बस्नेतको पक्राउ र गैरकानूनी थुनाको सम्बन्धमा शाही नेपाली सेना र प्रहरीमा सोधपुछ गरी सोको प्रतिवेदन अदालत समक्ष पेश गर्न आदेश दियो। जुलाई २००४ मा टोप बहादुर बस्नेतले राष्ट्रिय मानव अधिकार

आयोगलाई पहिला भैरवनाथ ब्यारेकमा राखिएका दुई जना थुनुवाहरुलाई आफूले भेटेको र उनीहरुले जीतमान बस्नेत सोही ब्यारेकमा रहेको र उनको छातीमा ९७ नं राखिएको बताएको। तर ती व्यक्तिहरुले अधिकारी समक्ष प्रतिशोधको डरको कारण सो जानकरी पुष्टि गर्न नमानेको कुरा बताए।

२.१० अक्टोबर २००४ को पहिलो हप्तामा टोप बहादुर बस्नेतले आफ्ना साथी सैनिक अधिकृत श्री आर.सी.को सहयोगले भैरवनाथ ब्यारेकमा गई जीतमान बस्नेतलाई भेट्न सफल भए।अक्टोबर १८,२००४ मा जीतमान बस्नेत थुनाबाट छुटे। एक सैनिक अधिकृतले उनलाई अनुसन्धानमा राखिएको तर उनी निर्दोष रहेको उनलाई बताएका थिए। उनलाई धम्की पनि दिइएको थियो, ब्यारेकको बारेमा कुनै जानकारी बाहिर नल्याउन भनिएको थियो। उनलाई ९० दिन थुनामा राखिएको भनी कागजातमा समेत जबर्जस्ती हस्ताक्षर गर्न लगाइएको थियो। पन्ध्र पन्ध्र दिनमा काठमाडौंमा सेना समक्ष उपस्थित हुन आदेश दिइएको थियो।

२.११ थुनामा रहँदाको अवस्थाको फलस्वरुप जीतमान बस्नेतको आँखामा समस्या उत्पन्न भएको र उनको स्वास्थ्य एकदमै कमजोर भएको थियो। उनले तेस्रो पटक पछि पुनः पक्राउ हुन सक्ने डरले गर्दा आफू सेना समक्ष उपस्थित हुन छोडेको बताएका छन्। नोभेम्बर २५, २००४ मा उनले राष्ट्रिय मानव अधिकार आयोग समक्ष आफ्नो गैरकानूनी थुना बापत क्षतिपूर्तिको माग गर्दै निवेदन दर्ता गरे।

२.१२ डिसेम्बर २४, २००४ मा जीतमान बस्नेतले राष्ट्रिय मानव अधिकार आयोगलाई भैरवनाथ ब्यारेकमा आफ्नो थुनाको स्थिति र अन्य थुनुवाहरुको नामको सूचीको बारेमा, आफ्नो नाम

गोप्य राखिने शर्तमा विस्तृत बयान दिए। तथापि, राष्ट्रिय मानव अधिकार आयोगले जनवरी २००५ मा जारी गरेको प्रतिवेदनमा बेपत्ता भएका व्यक्तिको सम्बन्धमा सञ्चार माध्यमले प्रसारण गरेको जानकारीको स्रोतको रुपमा उनको नामलाई उल्लेख गरेको थियो। त्यसपछि उनलाई धेरै पटक मृत्युको धम्की दिइएको थियो।

२.१३ जनवरी १९, २००५ मा राष्ट्रिय मानव अधिकार आयोगले जीतमान बस्नेतलाई शाही नेपाली सेनाले भैरवनाथ ब्यारेकमा गैरकानूनी थुनामा राखेको र यातना दिएको निष्कर्ष निकाल्यो। प्रहरी र गृह मन्त्रालयले पक्राउलाई स्वीकार नगरे तापनि, जीतमान बस्नेतले थुनाबाट छुटेपछि राष्ट्रिय मानव अधिकार आयोग समक्ष पेश गरेको बयान, र तस्वीर र त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थानको मेडिकल रिपोर्ट[*]ले राष्ट्रिय मानव अधिकार आयोगको निष्कर्षलाई समर्थन गरेको कुरा आयोगले उल्लेख गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले जिम्मेवार व्यक्ति पत्ता लगाई सजाय दिन अनुसन्धान गर्न र जीतमान बस्नेतलाई क्षतिपूर्ति स्वरुप ५०,००० रुपैयाँ प्रदान गर्न अधिकारीहरुलाई सिफारिश गऱ्यो। तथापि, उजुरी पेश गर्दाको समयसम्म कुनै पनि सिफारिश कार्यान्वयन गरिएको थिएन र क्षतिपूर्ति दिइएको पनि थिएन।

२.१४ सेप्टेम्बर १८, २००६ मा जीतमान बस्नेतले सर्वोच्च अदालतमा शाही नेपाली सेनाका प्रधान सेनापति, सैन्य अधिकृत प्रमुख, शाही नेपाली सेनाका कानून महाशाखाका सहायक रथी, शाही नेपाली सेनाका प्रवक्ता, गणका कमाण्डर र भैरवनाथ गणका सेनानी विरुद्ध

---

[*] उजुरीकर्ताले पेश गरेको डिसेम्बर १९, २००४ को त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पसको शारीरिक परीक्षण प्रतिवेदनको अँग्रेजी अनुवाद अनुसार जीतमान बस्नेतको शरीरमा थुप्रै गहिरा घाउ र दागहरु थिए। साथै, प्रतिवेदनमा धारिलो र लामो बस्तुको बारम्बार प्रहारका कारण घाउहरु भएको समेत उल्लेख छ। उल्लेख गरिएको पिटिएको समय र घाउ भएको समय एउटै देखिन्छ।

अदालतको अवहेलना सम्बन्धी रीट दायर गरे। अधिवक्ता श्री बी.एल.ले प्रारम्भ गरेको बन्दी प्रत्यक्षीकरणको कारवाहीमा उनीहरुले जीतमानलाई भैरवनाथ ब्यारेकमा थुनामा राखेको र यातना दिएको अस्वीकार गरी अदालतलाई गुमराह गरेकोबाट उनीहरुले अदालतको अवहेलना गरेको उनले दाबी गरेका छन्। त्यसैगरी, उजुरीकर्ताले अदालत समक्ष उनीहरुलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम हदैसम्मको सजाय दिन अनुरोध गरे। सेप्टेम्बर १९, २००६ मा सर्वोच्च अदालतका सह रजिष्ट्रारले शुरुको बन्दी प्रत्यक्षीकरणको रीटमा समावेश नगरिएका प्रतिवादीहरु समेतको नाम उल्लेख गरेको र कुन कार्यबाट अदालतको अवहेलना भएको भन्ने पनि खुलाउन नसकेको आधारमा उजुरीकर्ताको निवेदन दर्ता गर्न अस्वीकार गरे। सेप्टेम्बर २२, २००६ मा उजुरीकर्ताले सह रजिष्ट्रारको निर्णय उल्टाउन सर्वोच्च अदालतलाई अनुरोध गरे। डिसेम्बर १४, २००६ मा सर्वोच्च अदालतले उजुरीकर्ताको सो अनुरोध खारेज गर्‍यो।

२.१५ साथसाथै, अक्टोबर २९, २००६ मा जीतमान बस्नेतले आफूलाई गैरकानूनी रुपमा थुनामा राखिएको, दुर्व्यवहार गरिएको र यातना दिइएको दाबी सहित सर्वोच्च अदालतमा परमादेशको रीट दायर गरे। उनले अदालतलाई भैरवनाथ ब्यारेकमा बेपत्ता पारिएका व्यक्तिहरुको अनुसन्धान गर्न उच्च तहको स्वतन्त्र न्यायिक आयोग गठन गर्न सरकारलाई आदेश दिन अनुरोध गरे। डिसेम्बर २२, २००६ मा भैरवनाथ गणको तर्फबाट उपसेनानी आर.जे.के.ले उजुरीकर्तालाई सुरक्षा बलले आतङ्ककारी क्रियाकलापमा संलग्न भएको आधारमा पक्राउ गरेको र कानून अन्तर्गतको अधिकारप्राप्त अधिकारीको आदेश बमोजिम थुनामा राखिएको सर्वोच्च अदालतलाई जानकारी दिए। उनले जीतमान बस्नेतलाई कुनै यातना र दुर्व्यवहार नगरिएको समेत उल्लेख गरे। जनवरी २, २००७ मा सेनाको कानून विभागले पनि सर्वोच्च अदालत समक्ष सोही जानकारी दोहोर्‍याएको थियो। मार्च ३, २००९ मा सर्वोच्च अदालतले

एक सुनुवाईमा जीतमान बस्नेतका कानून व्यवसायी उपस्थित नभएको आधारमा परमादेशको रीट खारेज गऱ्यो। तथापि, उजुरीकर्ताहरुले उनको वकीलले १५ मध्ये १ वटा सुनुवाईमा मा मात्र अनुपस्थित रहेको दाबी गरेका छन्।

२.१६ मार्च ६, २०१० मा जीतमान बस्नेतले शाही नेपाली सेनाले आफूलाई गैरकानूनी पक्राउ गरेको र थुनामा राखेको सम्बन्धमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा क्षतिपूर्तिको अनुरोध गर्दै निवेदन दिए। प्रस्तुत उजुरी पेश गर्दाको समयसम्म उनले कुनै पनि क्षतिपूर्ति प्राप्त गरेका थिएनन्।

२.१७ उजुरीकर्ताहरुले सबै घरेलु उपचारहरुको उपयोग गरिसकेको दाबी गरेका छन्। उनीहरुको प्रयासको बाबजुद पनि पक्ष राष्ट्रले कुनै पनि अनुसन्धान नगरेको र जीतमान बस्नेतको स्वेच्छारी थुना, बलपूर्वक बेपत्ता पार्ने कार्य र यातनाको सम्बन्धमा कुनै पनि व्यक्तिलाई सजाय दिइएको छैन। साथै, राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभावकारी उपचारको रुपमा लिन सकिदैन। उजुरीकर्ताहरुले जाहेरी दरखास्त र प्रहरी कारवाही सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीकृत अपराधमा मात्र लागू हुने र सो सूचीमा बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना समावेश नभएको कारणले उनीहरुले प्रहरी समक्ष जाहेरी दरखास्त दर्ता गर्ने प्रयास नगरेको तर्क प्रस्तुत गरेका छन्। सर्वोच्च अदालतले २००७ मा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रुपमा परिभाषित गर्न सरकारलाई आदेश दिएको भए तापनि सो सम्बन्धमा कुनै पनि कारवाही भएको छैन। विद्यमान कानूनमा बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना सम्बन्धमा कमजोरी (loopholes) भएको कारणले यी अपराधका अपराधीहरुलाई अभियोजन गर्न र सजाय दिन असम्भव नै छ।

## उजुरी

३.१ उजुरीकर्ताहरुले जीतमान बस्नेत बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएको र प्रतिज्ञापत्रको धारा ७, ९, १० र १६ को साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको उनको अधिकार समेत पक्ष राष्ट्रले उल्लंघन गरेको तर्क गरेका छन्। टोप बहादुर बस्नेतको हकमा प्रतिज्ञापत्रको धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको उनको अधिकार समेत उल्लंघन भएको छ।

३.२ जीतमान बस्नेतलाई बलपूर्वक बेपत्ता पारिएको थियो। पक्ष राष्ट्रका अधिकारीले उनलाई स्वेच्छाचारी रुपमा स्वतन्त्रताबाट बञ्चित गरेको, फेब्रुअरी ४ देखि अक्टोबर १८, २००४ सम्म भैरवनाथ ब्यारेकमा अज्ञात हिरासतमा राखेकोबाट उनलाई कानूनको संरक्षणबाट बाहिर राखिएको थियो।उनलाई बलपूर्वक बेपत्ता पार्ने कार्य र अज्ञात हिरासतमा राख्ने कार्य स्वयंमा धारा ७ विपरितको कार्य थियो। यसको साथै, थुनामा रहँदा उनलाई यातना दिइएको र अन्य प्रकारको शारीरिक र मानसिक दुर्व्यवहार गरिएको थियो। उजुरीकर्ताहरुले समितिलाई माओवादी भएको शंकाको आधारमा मुख्यतः भैरवनाथ ब्यारेक मा भएका उल्लंघनहरुलाई पक्ष राष्ट्रमा साधारण सन्दर्भमा विद्यमान रहेको मानव अधिकारको प्रणालीगत उल्लंघनको रुपमा विचार गर्न अनुरोध गरेका छन्।

---

उजुरीकर्ताले यातनाको प्रश्नको सम्बन्धमा विशेष प्रतिवेदकको नेपाल भ्रमणको प्रतिवेदन (माथि नोट १ हेर्नुहोस्), को प्रकरण २६ र ३; र यातना बिरुद्धको समितिको अप्रिल १३, २००७ को नेपाल सम्बन्धी धारणा (Concluding Observations) को प्रकरण १३ र २४ लाई उद्दृत गरेका छन्।

उजुरीकर्ताले OHCHR मा शाही नेपाली सेनाको ब्यारेक, महाराजगंज, काठमाडौंमा स्वेच्छाचारी थुना, यातना र बेपत्ता पार्ने कार्यको अनुसन्धान सम्बन्धी प्रतिवेदन (माथि नोट २ हेर्नुहोस्) २७-४४ लाई उदृत गरेका छन्।

३.३ अधिकारीले जीतमान बस्नेतलाई कानूनी आधार बिना नै पक्राउ गरेका थिए। उनको थुनाको सम्बन्धमा कुनै आधिकारिक अभिलेख खडा गरिएको वा दर्ता गरिएको थिएन। उनका नातेदार र वकीललाई समेत उनलाई भेट्न दिइएको थिएन। उनलाई कुनै न्यायाधीश वा कानूनद्वारा न्यायिक अधिकार प्रयोग गर्ने सक्षम अधिकारी समक्ष पेश गरिएन। न त उनले आफ्नो थुनाको वैधतालाई चूनौति दिई अदालती कारवाही चलाउन नै सके। यी तथ्यहरुबाट धारा ९ को उल्लंघन भएको छ।

३.४ जीतमान बस्नेतको अज्ञात हिरासत र बलपूर्वक बेपत्ता पारिएको र उनलाई राखिएको स्थितिले प्रतिज्ञापत्रको धारा १० को उल्लंघन भएको छ।

३.५ जीतमान बस्नेतको नौ महिनासम्मको अज्ञात हिरासतले उनलाई कानूनको संरक्षणबाट बाहिर राख्यो। सो सम्बन्धमा, उजुरीकर्ताले प्रत्येक पटक राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि वा रेडक्रसको अन्तर्राष्ट्रिय समितिका अधिकारीले भैरवनाथ ब्यारेकमा भ्रमण गर्दा उनलाई सम्भावित उपचार प्राप्त गर्न वा कुनै पनि किसिमको संरक्षण प्राप्त गर्नबाट रोक्न ब्यारेकको विभिन्न ठाउँमा लुकाइन्थ्यो। फलतः धारा १६ अन्तर्गतको उनको अधिकार उल्लंघनको लागि गरेको पक्ष राष्ट्र जिम्मेवार छ।

३.६ जीतमान बस्नेतको स्वेच्छाचारी थुना, बलपूर्वक बेपत्ता, यातना र अन्य दुर्व्यवहारका सम्बन्धमा आफ्नै तर्फबाट शीघ्र, निष्पक्ष, विस्तृत र स्वतन्त्र अनुसन्धान गर्न सकेको छैन र ती कार्यको लागि जिम्मेवार व्यक्तिहरुलाई सजाय पनि दिइएको छैन। विद्यमान कानूनी संरचना प्रभावकारी छैन र यसले पीडित र उनका नातेदारलाई उपचार दिन सक्दैन र दण्डहीनतालाई थप प्रोत्साहन दिन्छ। बेपत्ताका मुद्दामा बन्दी प्रत्यक्षीकरणको प्रयोग व्यवहारमा एउटा भ्रम

हो। अदालतले सुरक्षा बलका बिरुद्ध जारी गरेका बन्दी प्रत्यक्षीकरणको निर्णयको परिपालना गर्ने गरिएको छैन भनिन्छ। साथै, बन्दी प्रत्यक्षीकरणको कार्यविधिको सफलता खोजिएको व्यक्ति आफ्नो हिरासतमा छ भनी सुरक्षा बलले गरेको स्वीकारोक्तिमा निर्भर हुन्छ। तब मात्र सैन्य अधिकारीलाई त्यस्तो व्यक्तिलाई किन थुनामा राखिएको हो सोको कारण प्रस्तुत गर्न भनिन्छ। सरकारी अधिकारीलाई साक्षीको रुपमा नलिइने र उनीहरुलाई कुनै पनि कानूनी व्यवस्थाले सत्य बोल्न बाध्य नबनाएको कुरा नै यस्ता किसिमका मुद्दामा रहेको मुख्य कठिनाई हो।[8]

३.७ टोप बहादुर बस्नेतको अधिकारको सम्बन्धमा, उनको दाजुको स्वेच्छाचारी थुना र त्यसपछिको बलपूर्वक बेपत्ता र अनुसन्धानको अभावले गर्दा उनी गहिरो आक्रोश र तनावको शिकार भएका थिए। साथै, आफ्नो दाजुको खोजी गर्दा उनले पटक पटक धम्की र उत्पीडन भोग्नुपर्‍यो। पक्ष राष्ट्र यी घटनाहरुको पर्याप्त रोकथाम गर्न र घटना घटेको अवस्थामा अनुसन्धान गर्न असफल भएको छ। साथै, आफ्नो दाजुको अनुपस्थितिमा टोप बहादुर बस्नेतले बस्नेत परिवारको मूलीको रुपमा परिवारको जिम्मेवारी लिई उनका चार दिदीबहिनी र बाबुको हेरबिचार गर्नुपर्‍यो। फलस्वरुप, उनको जीवनमा आमूल प्रभाव पर्‍यो र उनले आफ्नो व्यवसायिक कारोबार छाडेर ठूलो रकम ऋण लिनुपर्‍यो। उनी अहिले पनि आफूले भोगेका थुप्रै तनावको कारण मानसिक पीडामा छन्। तथापि, उनले आफूले भोगेको भौतिक र नैतिक हानिको कुनै क्षतिपूर्ति र कुनै पुनर्वासको उपचार प्राप्त गरेका छैनन्। सोही अनुरुप, उनले ती तथ्यहरुले प्रतिज्ञापत्रको धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ समेत उल्लंघन भएको दाबी गरेका छन्।

[8] बलपूर्वक वा अस्वेच्छिक बेपत्ताको कार्यदलको नेपाल भ्रमणको प्रतिवेदन (माथि नोट १ हेर्नुहोस्) को प्रकरण ४०-४२।

३.८ उजुरीकर्ताहरुले समितिलाई पक्ष राष्ट्रलाई देहाय बमोजिम सिफारिश गर्न अनुरोध गरेका छन्ः (क) जीतमान बस्नेतलाई स्वतन्त्रताबाट स्वेच्छाचारी रुपमा बञ्चित गरिएको, यातना दिइएको र बलपूर्वक बेपत्ता पारिएको कार्यमा संलग्न दोषीहरुलाई अभियोजन, निर्णय र सजायका लागि सक्षम नागरिक निकाय समक्ष पेश गर्ने र सोको नतिजा सार्वजनिकीकरण गर्ने; (ख) जीतमान बस्नेत विरुद्धको अपराधमा प्रारम्भिक रुपबाट नै संलग्न भएको देखिएका सबै सैनिक अधिकृतहरुलाई अनुसन्धानको अन्तिम टुङ्गो नलागेसम्म सेवाबाट निलम्बन गर्ने; (ग) ती अपराध गरेका अभियुक्तहरुले धम्की वा उजुरीकर्ता, साक्षी, तिनका परिवार वा वकील वा अनुसन्धानमा संलग्न अन्य व्यक्तिहरु विरुद्ध प्रतिशोधको भावनाबाट अनुसन्धानको प्रक्रियामा प्रभाव पार्न सक्ने अवस्था नभएको सुनिश्चित गर्ने; (घ) उजुरीकर्ताले तत्काल, निष्पक्ष र पर्याप्त अनिवार्य परिपूरण प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने; (ङ) परिपूरणको रुपमा प्रदान गरिने साधनभित्र भौतिक र नैतिक क्षति र पुनर्स्थापना, पुनर्वास, सन्तुष्टि र पुनः ती घटनाहरु नदोहोरिने प्रत्याभूति समेटिनु पर्ने कुराको सुनिश्चित गर्ने। मुख्यतः उनीहरुले पक्ष राष्ट्रलाई आफ्नो अन्तर्राष्ट्रिय दायित्व पालना गर्न, सार्वजनिक समारोहमा अधिकारी र उजुरीकर्ता समक्ष औपचारिक माफी माग्न, पक्ष राष्ट्रले जीतमान बस्नेतको मुद्दालाई विशेष रुपमा लिएर उनको इज्जतलाई पुनर्स्थापना समेत गर्ने र आन्तरिक सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका सबै पीडितहरुको सम्झनाको संरक्षण गर्न काठमाडौंको कुनै सडकको नाम राख्ने वा कुनै ठाउँमा शालिक निर्माण वा स्मारकस्थल बनाउन अनुरोध गरेका छन्। पक्ष राष्ट्रले आफ्नो विशिष्टीकृत संस्थाबाट उजुरीकर्तालाई तत्काल निःशुल्क चिकित्सा र मानसिक उपचार समेत उपलब्ध गराउनुपर्ने र उनीहरुलाई प्रभावकारी र पर्याप्त उपचार उपलब्ध हुने प्रत्याभूत गर्न आवश्यक निःशुल्क कानूनी सहायता प्रदान गर्नुपर्छ। यस्तो घटना पुनः दोहोरिन नदिने प्रत्याभूति स्वरुप, पक्ष राष्ट्रले बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना र विभिन्न

तवरले ती अपराधमा सहभागी हुनेलाई आफ्नो फौजदारी कानून अन्तर्गत छुट्टै अपराध मानी तिनीहरुको गाम्भीर्यताको आधारमा उपयुक्त सजाय हुने व्यवस्था गर्नुपर्छ। अन्ततः पक्ष राष्ट्रले सेना, सुरक्षा बल र न्यायपालिकाका सदस्यहरुको लागि अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून सम्बन्धमा यथाशीघ्र शैक्षिक कार्यक्रमहरु संचालन गर्नुपर्छ।

**उजुरीको ग्राह्यता (Admissibility) र मुख्य कानूनी प्रश्न (Merits) का सम्बन्धमा पक्ष राष्ट्रको धारणा**

४.१ जुन २४, २०११ मा कूटनीतिक पत्र मार्फत पक्ष राष्ट्रले घरेलु उपचारको उपयोग गरिनसकेको आधारमा उजुरीको ग्राह्यतालाई चूनौति दिएको छ।

४.२ टोप बहादुर बस्नेतको सम्बन्धमा, सशस्त्र द्वन्द्वको समयमा राज्यका प्रतिनिधिबाट उनको अधिकार उल्लंघन भएको कुनै अभिलेख छैन। प्रस्तुत उजुरीमा समेत कुन परिस्थितिमा उनको कुन अधिकार उल्लंघन गरिएको हो र उनले सो सम्बन्धमा के कस्ता उपायहरु अवलम्बन गरे भन्ने स्पष्ट रुपमा खुलाइएको छैन। पक्ष राष्ट्रले समितिले यस्तो अमूर्त उजुरीलाई विचार गर्न नसक्ने हुनाले टोप बहादुर बस्नेतको अधिकार सम्बन्धी आरोपलाई अग्राह्य भनी घोषणा गर्नुपर्ने धारणा प्रस्तुत गर्‍यो।

४.३ जीतमान बस्नेतको सम्बन्धमा, उनलाई सुरक्षा बलले अक्टोबर १८, २००४ मा कुनै हानी नोक्सानी बिना नै हिरासत मुक्त गरेको थियो। साथै, उनको नाम शान्ति तथा पुनर्निर्माण मन्त्रालयको अभिलेखमा बलपूर्व बेपत्ता पारिएका पीडितको रुपमा रहेको छ र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश बमोजिम उनले क्षतिपूर्ति स्वरुप ५०,०००/- रुपैयाँ प्राप्त गर्ने छन्। पक्ष राष्ट्रले सशस्त्र द्वन्द्वका पीडितलाई क्षतिपूर्ति प्रदान गर्न बाह्र करोड रुपैयाँ निकासा गरेको छ। राहत, क्षतिपूर्ति र आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ को दफा ५ ले

अपहरण गरिएका वा बेपत्ता पारिएका व्यक्ति वा निजका हकवालाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आर्थिक राहत स्वरुप २५,०००/- रुपैयाँ प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। उजुरीकर्ताले अहिलेसम्म पनि अन्तरिम क्षतिपूर्ति स्वरुप ५०,०००/- रुपैयाँ प्राप्त नगरेको भएमा उनले अझै पनि सोका लागि अनुरोध गर्न सक्छन्।

४.४ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (थ) र (न) र विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ ले सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकार उल्लंघनको अनुसन्धान गर्न र समाजमा मेलमिलापको वातावरण सिर्जना गर्न उच्च तहको सत्य निरुपण तथा मेलमिलाप आयोग लगायत संक्रमणकालीन न्यायिक संयन्त्र गठन गर्ने व्यवस्था गरेको छ। सो उद्देश्यको लागि सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक र बलपूर्वक बेपत्ता पार्ने कार्य (कसूर र सजाय) विधेयक संसदमा पेश गरेको छ। ती विधेयकहरुको मुख्य उद्देश्य भनेको फेब्रुअरी १३, १९९६ र नोभेम्बर २१, २००६ को बीचमा भएका बेपत्ता र गम्भीर मानव अधिकार उल्लंघनका अभियोगहरुको विस्तृत र विश्वसनीय अनुसन्धान गर्न स्वतन्त्र, निष्पक्ष र स्वायत्त आयोग गठन गर्नु नै हो। पक्ष राष्ट्रले धारणा प्रस्तुत गर्दाको समयमा यी विधेयकहरु पारित हुन संसदको विधायन समितिमा विचाराधीन छन्। यस पृष्ठभूमिमा र ती संक्रमणकालीन न्यायिक संयन्त्र गठन गर्ने आफ्नो गम्भिर प्रयासको सन्दर्भमा घरेलु उपचारको बाटो अनुचित रुपमा लम्बिएको भनी निचोड निकाल्न नसकिने पक्ष राष्ट्रको धारणा रहेको छ। त्यसैगरी, उजुरीकर्ताले घरेलु उपचार समेत उपयोग गरिसकेका छैनन्।

५. जनवरी ११, २०१२ मा पक्ष राष्ट्रले समितिलाई ती दुवै विधेयक संसदको विधायन समितिमा अन्तिम चरणमा रहेको जानकारी गराएको र अपराधीलाई न्यायको दायरामा ल्याउन

संक्रमणकालीन न्यायिक संयन्त्र गठन गर्न गरेको गम्भिर प्रतिबद्धताको सन्दर्भमा प्रस्तुत उजुरी उपर विचार नगरियोस् भनी समिति समक्ष अनुरोध गरेको छ।

**पक्ष राष्ट्रको धारणा माथि उजुरीकर्ताको प्रतिक्रिया**

६.१ मार्च ९, २०१२ मा उजुरीकर्ताले पक्ष राष्ट्रको धारणा अस्वीकार गरेका छन्। उनीहरुले टोप बहादुर बस्नेतको हकमा प्रतिज्ञापत्रको धारा ७ अन्तर्गतको अधिकारको साथसाथै धारा २ प्रकरण ३ को अधिकार उल्लंघन भएको भन्ने उजुरीमा किटानी अभियोग उल्लेख भएको उल्लेख गरेका छन्। उक्त उजुरीमा उनले जीतमान बस्नेतको ठेगाना पत्ता लगाउने र उनलाई छुटाउन निजी संस्था र अधिकारी समक्ष गरेका प्रयासका बारेमा विस्तार गरेका छन्।उनको आफ्नै सुरक्षाको जोखीमको बाबजुद उनले उनको दाजुको बलपूर्वक बेपत्ता र यातनामा संलग्न भैरवनाथ गणका कमाण्डर सेनानी आर.बी र सशस्त्र प्रहरी बलका वरिष्ठ निरिक्षक श्री एस्. के.बी. लगायतका सेनाका उच्च तहका सदस्यहरुसँग सम्पर्क र भेट गरे । टोप बहादुर बस्नेतको हकमा मानव अधिकार उल्लंघन भएको अभिलेख पक्ष राष्ट्रले नपाएकै तथ्यको आधारमा उनको अधिकार उल्लंघन नभएको भन्न मिल्दैन।उनले जीतमान बस्नेतसँगको आफ्नो नजिकको नातालाई रीतपूर्वक पुष्टि गरेका छन्, र उनको दाजुको स्थिति र उनी भएको स्थानको बारेमा जानकारी लिनको लागि अधिकारीहरु समक्ष गरेको अनुरोधबाट केही नभई सोको असर उनको मानसिक स्वास्थ्यमा परेको अवस्थाको बाबजुद पनि आफ्नो दाजुको खोजीमा गरेका प्रयासहरुको बारेमा बिस्तार गरेका छन्।

६.२ जीतमान बस्नेतको अधिकार सम्बन्धमा गरिएको उजुरीको ग्राह्यतालाई चूनौति दिन पक्ष राष्ट्रले सान्दर्भिक जानकारी दिएको छैन।उनलाई मुक्त गरिएको तथ्यले कुनै पनि हालतमा निजको अधिकार उल्लंघन बापतको जिम्मेवारीबाट पक्ष राष्ट्रलाई मुक्त गर्न सक्दैन ।

६.३ जीतमान बस्नेतले भोग्नुपरेको उल्लंघनको क्षतिपूर्ति बापत राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिश गरिएको रकम ५०,००० रुपैयाँ निजले भोगेको भौतिक र नैतिक पीडा मेटाउन एकदमै नगन्य हो र त्यसलाई प्रतिज्ञापत्रको धारा २, प्रकरण ३ को परिभाषा अन्तर्गत प्रभावकारी घरेलु उपचारको रुपमा लिन सकिंदैन। साथै, त्यस्तो प्रकृतिको मानव अधिकार उल्लंघनमा वित्तीय क्षतिपूर्तिलाई मात्र पर्याप्त उपचारको रुपमा लिन मिल्दैन। गम्भीर प्रकृतिको मानव अधिकार उल्लंघन बापतको परिपूरणले पुनर्स्थापना, पुनर्वास, सन्तुष्टि र पुनः त्यस्ता घटना नदोहोरिने प्रत्याभूति समेट्नुपर्छ।

६.४ उजुरीकर्ताले आफ्नो प्रतिक्रिया पेश गर्दाको समयमा भविष्यमा गठन हुने भनेका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धी आयोग अनिश्चित थिए। साथै, मस्यौदा विधेयकमा बलपूर्वक बेपत्ता समेतको अन्तर्राष्ट्रिय मानव अधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनमा आम माफीको व्यवस्था समावेश थियो। गैर न्यायिक निकायले तथ्य  खोज्ने प्रक्रिया सत्य स्थापित गर्न महत्वपूर्ण हुने भए तापनि त्यसले गम्भीर मानव अधिकारको गम्भिर उल्लंघनबाट पीडितको न्यायमा पहुँच र निरुपण गर्न सक्दैन, तत्काल फौजदारी अनुसन्धान र सजायको लागि फौजदारी न्याय प्रणाली सबैभन्दा उपयुक्त माध्यम हो। त्यस सम्बन्धमा, आयोगहरु न्यायिक निकाय नहुने र तिनलाई महान्यायाधिवक्ताको कार्यालय लगायतका सम्बन्धित निकायलाई सिफारिश गर्ने सम्मको अधिकार हुने भनी उजुरीकर्ताले औंल्याएका छन्।

## समिति समक्ष विचाराधीन प्रश्न र कार्यविधि

### उजुरीको ग्राह्यताका सम्बन्धमा

७.१ उजुरीमा गरिएको दाबी उपर विचार गर्नुभन्दा पहिले मानव अधिकार समितिले समितिको आफ्नो कार्यविधि सम्वन्धी नियमको नियम ९३ अनुसार उक्त उजुरी प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अनुरूप ग्रहणयोग्य भए/नभएको निर्णय गर्नु अनिवार्य हुन्छ।

७.२ स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (क) को शर्त अनुसार प्रस्तुत उजुरी अर्को कुनै अन्तर्राष्ट्रिय अनुसन्धान वा विवाद समाधान गर्ने सम्बन्धी प्रकृया अन्तर्गत परीक्षणको लागि विचाराधीन नरहेको समितिले ठहर गरेको छ।

७.३ टोप बहादुर बस्नेतको अधिकार उल्लंघन भएको दाबी अमूर्त तवरले गरिएको र कुन परिस्थितिमा उनको कुन अधिकार उल्लंघन भएको हो सो पनि स्पष्ट रुपमा उल्लेख नभएको पक्ष राष्ट्रको तर्क समितिले टिपोट गरेको छ। तथापि, टोप बहादुर बस्नेतले आफ्नो दाजु जीतमान बस्नेतको गैरकानूनी थुना, बलपूर्वक बेपत्ता र यातनका कारणले आफूले भोग्नु परेका घटनाहरुको आधारमा धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको आफ्नो अधिकार उल्लंघन भएको आरोप लगाएको समितिले टिपोट गरेको छ। टोप बहादुर बस्नेतले ग्राह्यताको प्रयोजनको लागि आफ्ना दाबी पर्याप्त रुपमा पुष्टि गरेको कुरालाई समितिले विचार गरेको छ।

७.४ घरेलु उपचारको उपयोगका सम्बन्धमा, जीतमान बस्नेतको मुद्दा २००७ को अन्तरिम संविधान र २००६ को विस्तृत शान्ति सम्झौता बमोजिम गठन गरिने संक्रमणकालीन न्यायिक संयन्त्रले सम्बोधन गर्ने र जीतमान बस्नेतले आफ्नो गैरकानूनी थुना र यातनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश बमोजिम सशस्त्र द्वन्द्वको पीडितको

रुपमा ५०,००० रुपैयाँको क्षतिपूर्ति अनुरोध गर्न सक्ने हुँदा उजुरीकर्ताले घरेलु उपचार उपयोग गरिनसकेको भन्ने पक्ष राष्ट्रले राखेको तर्क समितिले टिपोट गरेको छ। मार्च ८, २००२ मा टोप बहादुर बस्नेतले आफ्नो दाजुको बेपत्ताको सम्बन्धमा अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दायर गरेको र जीतमान बस्नेतले आफू थुना मुक्त भएपछि आफ्नो कथित गैरकानूनी थुना, बेपत्ता र यातनाको अनुसन्धानका लागि आफैले निवेदन दायर गरेको र दाबी गरिएको उल्लंघन भएको १० वर्ष बितिसक्दा पनि अनुसन्धानको कुनै निष्कर्ष नआएको उजुरीकर्ताको अभियोग समेत समितिले टिपोट गरेको छ। पक्ष राष्ट्रले सामान्य तवरमा घरेलु उपचारको उपयोगको आवश्यकतालाई प्रतिवाद गरेको कुरा समितिले दृष्टिगत गरेको छ। तथापि पक्ष राष्ट्रले प्रत्येक उजुरीकर्ताले गरेको दाबीलाई कुन ठोस उपचारले पर्याप्त र प्रभावकारी रुपमा सम्बोधन गर्थ्यो भन्ने कुरा समिति समक्ष प्रस्तुत गरेको छैन। समितिले गम्भीर उल्लंघनका मुद्दाहरुमा न्यायिक उपचार आवश्यक हुने सम्बन्धी आफ्नो विधिशास्त्र स्मरण गरेको छ।[*] सो सम्बन्धमा गठन गरिने संक्रमणकालीन न्यायिक निकायहरु न्यायिक निकाय होइनन्। साथै, जीतमान बस्नेतको मुद्दाको अनुसन्धानमा अनुचित विलम्ब भएको भन्ने पनि समितिको विचार छ। सोही अनुरुप, स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ (ख) अन्तर्गत उजुरीको जाँचबुझ गर्न कुनै अड्चन नरहेको भन्ने समितिको निष्कर्ष रहेको छ।

७.५ उपर्युक्त आधारमा र ग्राह्यताका सम्बन्धमा अन्य कुनै अड्चन नरहेको हुँदा समितिले उजुरीलाई ग्राह्य मानी जीतमान बस्नेतको हकमा प्रतिज्ञापत्रको धारा ७, ९, १० र १६ को साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गत र टोप बहादुर बस्नेतको हकमा धारा ७ को

[*] हेर्नुहोस्; उजुरी नं.१७६१/२००८, Giri v. Nepal मा मार्च २४, २०११ मा पारित अभिमतको प्रकरण ६.३।

साथसाथै धारा २ को प्रकरण ३ अन्तर्गतको दावीको जाँचबुझको कारवाही अगाडि बढाएको छ ।

**मूल कानूनी प्रश्नका सम्बन्धमा**

८.१ मानव अधिकार समितिले पक्षहरूद्वारा समितिलाई उपलब्ध गराईएको सम्पूर्ण सूचनाको आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण १ को प्रावधान अनुरूप उजुरी उपर जाँचबुझ र विचार गरेको छ ।

८.२ जीतमान बस्नेतलाई सैनिक पोशाकमा आएका व्यक्तिहरुले फेब्रुअरी ४, २००४ मा पक्राउ गरी भैरवनाथ गण ब्यारेकमा लगेको, जहाँ उनलाई आफ्नो परिवार, वकील वा बाहिरी संसारको अन्य कुनै व्यक्तिलाई समेत भेट्न नदिई २००४ को अक्टोबर महिनाको पहिलो हप्तासम्म अज्ञात हिरासतमा राखिएको र सो समयावधिमा अधिकारीहरुले उनलाई भैरवनाथ ब्यारेक वा अन्यत्र राखिएको बारेमा उनको परिवारलाई जानकारी दिन अस्वीकार गऱ्यो भन्ने उजुरीकर्ताको खण्डन नगरिएको आरोप समितिले टिपोट गरेको छ।साथै, राष्ट्रिय मानव अधिकार आयोगले जीतमान बस्नेतको स्थिति र उनी रहेको ठाउँ पत्ता लगाउन गरेको अनुसन्धानमा अधिकारीहरुले सहयोग गरेका थिएनन्। तसर्थ, जीतमान बस्नेतलाई स्वतन्त्राबाट बञ्चित गरिएको एवं अधिकारीहरुले सो कुरालाई अस्वीकार गरेको र उनको स्थितिको बारेमा जानकारी लुकाएकोबाट बलपूर्वक बेपत्ता पार्ने कार्य भएको भन्ने समितिको विचार छ।

८.३ समितिले अनिश्चित समयसम्म बाहिरी संसारसँगको सम्पर्क नभएकोबाट उत्पन्न पीडाको तह/मात्रालाई पहिचान गरेको छ। समितिले यातना वा अन्य क्रुर, अमानवीय र

अपमानजनक व्यवहार वा सजायमा प्रतिबन्ध लगाउने आफ्नो सामान्य टिप्पणी नं २० (१९९२) को स्मरण गरेको छ, जसमा समितिले पक्ष राष्ट्रलाई अज्ञात हिरासत विरुद्ध व्यवस्था गर्न सिफारिश गरेको छ। प्रस्तुत मुद्दामा जीतमान बस्नेतलाई फेब्रुअरी ४, २००४ देखि अक्टोबर २००४ को पहिलो हप्तासम्म बाहिरी संसारको सम्पर्क बीना अज्ञात हिरासतमा राखिएको समितिले टिपोट गरेको छ। मुख्यतः उनलाई थुनामा राखिएको शुरुका दिनहरुमा सोधपुछ गर्दा यातना दिइएको उजुरीकर्ताको आरोप समेत समितिले टिपोट गरेको छ। अक्टोबर १८, २००४ मा जीतमान बस्नेत सुरक्षा बलको हिरासतबाट कुनै क्षति बीना नै मुक्त भएको भन्ने कथनमा पक्ष राष्ट्रले आफ्नो भनाई सीमित गरेको समितिले दृष्टिगत गरेको छ। तथापि, उनको थुनाको विशेष परिस्थितिको सम्बन्धमा उजुरीकर्ताको अभियोगलाई नै पक्ष राष्ट्रले प्रतिक्रिया जनायो न त यातना र सो सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको निष्कर्षलाई नै अस्वीकार गरेको छ। त्यसैगरी, जीतमान बस्नेतलाई उनको परिवार र बाहिरी संसारसँगको सम्पर्कबाट बञ्चित गरी कैदमा राख्ने र उनलाई यातना दिने कार्यबाट प्रतिज्ञापत्रको धारा ७ अन्तर्गतको उनको अधिकार उल्लंघन हुन गएको भन्ने समितिले निष्कर्ष निकालेको छ।

८.४ आफ्नो दाजु जीतमान बस्नेतको बेपत्ताका कारण उनलाई पक्राउ गरिएको समय देखि भैरवनाथ ब्यारेकमा पुग्ने व्यवस्था गरी आफ्नो दाजु जीवित रहेको पुष्टि गरेको अक्टोबर २००४ को पहिलो हप्ता सम्मको टोप बहादुर बस्नेतलाई भएको पीडा र दुःखलाई समितिले टिपोट गरेको छ। सो अवधिमा टोप बहादुर बस्नेतले बस्नेत परिवारको मूलीको रुपमा जिम्मेवारी लिएर आफ्नो दाजुको चार जना दिदीबहिनी र बुबाको रेखदेख गरे र दुवै उजुरीकर्ताबीच औपचारिक पारिवारिक सम्बन्ध रहेको मात्र नभई एकै परिवारको रुपमा एउटै घरमा हुर्किएको कारणले पनि उनीहरुबीच एकदमै नजिकको नाता रहेको कुरा समितिले

दृष्टिगत गरेको छ। जीतमान बस्नेतको बेपत्ता पछि तुरुन्तै टोप बहादुर बस्नेतले राष्ट्रिय मानव अधिकार आयोगमा अनुसन्धानको लागि अनुरोध गरेको र आफ्नो दाजुको अवस्था र स्थान पत्ता लगाउन उनले धेरै अधिकारी र नीजि संस्थाहरु समक्ष अनुरोध गरेको र उनले अधिकारीहरुबाट उनको दाजुको अवस्था र स्थानको सम्बन्धमा विरोधाभाषपूर्ण जानकारी प्राप्त गरेको, उनीहरुले थुनामा राखेको कुरालाई औपचारिक रुपमा अस्वीकार गरेको कुरालाई पनि समितिले दृष्टिगत गरेको छ।प्रस्तुत मुद्दाको विशेष परिस्थितिमा आफू समक्ष पेश गरिएको तथ्यले पनि टोप बहादुर बस्नेतको सम्बन्धमा प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको कुरालाई समितिले विचार गरेको छ।[^]

८.५ धारा ९ को उल्लघंन भएको भन्ने आरोपको सम्बन्धमा फेब्रुअरी ४, २००४ मा जीतमान बस्नेतलाई पक्राउपूर्जी बीना पक्राउ गरिएको, शाही नेपाली सेनाको भैरवनाथ ब्यारेकमा अज्ञात हिरासतमा राखिएको र कुनै न्यायाधीश वा कानून बमोजिम न्यायिक अधिकार प्रयोग गर्न पाउने अन्य सक्षम अधिकारी समक्ष उपस्थित नगराइएको र उनले आफ्नो थुनाको वैधानिकतालाई चूनौति दिन कुनै अदालत समक्ष कारवाही चलाउन नै नसकेको भन्ने उजुरीकर्ताको आरोपलाई समितिले टिपोट गरेको छ। पक्ष राष्ट्रले ती आरोपहरुलाई खण्डन गरेको छैन। त्यसैगरी, पक्ष राष्ट्रको तर्फबाट कुनै सान्दर्भिक पुष्ट्याईको अभावमा जीतमान बस्नेतको थुनाले प्रतिज्ञापत्रको धारा ९ अन्तर्गतको उनको अधिकार उल्लंघन गरेको समितिको विचार छ।

---

[^] हेर्नुहोस्; उजुरी नं. १६४०/२००७, El Abani v. Libyan Arab Jamahiriya मा जुलाई २६, २०१० मा पारित अभिमतको प्रकरण ७.५; उजुरी नं. १२९५/२००४, El Awani v. Libyan Arab Jamahiriya मा जुलाई ११, २००६ मा पारित अभिमतको प्रकरण ४; उजुरी नं. १०७/१९८१, Quinteros v. Uruguay मा जुलाई २१, १९८३ मा पारित अभिमतको प्रकरण १४ र उजुरी नं.९५०/२०००, Sarma v. Sri Lanka मा जुलाई १६, २००३ मा पारित अभिमतको प्रकरण ९.५।

८.६ धारा १० को प्रकरण १ अन्तर्गतको उजुरीका सम्बन्धमा स्वतन्त्रताबाट बञ्चित व्यक्तिहरुलाई स्वतन्त्रताबाट बञ्चित गरिएको कारणबाट हुने पीडा बाहेक अन्य कुनै पनि कष्ट दिन वा अन्य कुनै वाधा पार्न नहुने र उनीहरुलाई मानवीय व्यवहार गर्नुपर्ने र उनीहरुको मर्यादाको सम्मान गर्नुपर्ने कुरालाई समितिले पुनः उल्लेख गरेको छ।[७] प्रस्तुत मुद्दामा जीतमान बस्नेतलाई उनको हातमा पछाडि ढाडमा हतकडी लगाइएको र लामो समयसम्म आँखामा पट्टी बाँधिएको, जाडो मौसममा अपर्याप्त हुने गरी उनलाई प्वाल भएको पालमा राखिएको, त्यहाँ १०० जना भन्दा बढी थुनुवाहरुको लागि एउटा मात्र शौचालय रहेको, त्यहाँ दिइने खाना न्यून गुणस्तरको हुने र थोरै मात्रामा दिइने गरेको भन्ने उजुरीकर्ताको दाबी समितिले टिपोट गरेको छ। उनको अज्ञात हिरासत, थुनाको कठोर परिस्थिति र उनी माथि गरिएको व्यवहारको रोहमा हेर्दा प्रतिज्ञापत्रको धारा १० को प्रकरण १ अन्तर्गतको उजुरीकर्ताको अधिकार उल्लंघन भएको समितिको निष्कर्ष छ।

८.७ धारा १६ को सम्बन्धमा, समितिले आफ्नो स्थापित विधिशास्त्रलाई पुनः उल्लेख गरेको छ, जस अनुसार व्यक्तिलाई लामो समयसम्म कानूनको संरक्षणबाट नियोजित रुपमा बञ्चित गराउने कार्यले पीडित पछिल्लो पटक राज्यका अधिकारीहरुको हातमा देखिएमा र सोही समयमा उनको र उनका नातेदारका सम्भावित उपचार; न्यायिक उपचार (हेर्नुहोस् प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३) समेत प्राप्त गर्ने प्रयासलाई व्यवस्थित रुपले अवरुद्ध गरिएको भएमा कानूनको अगाडि व्यक्तिको रुपमा स्वीकार गर्न इन्कारी गरेको अवस्था

[७] हेर्नुहोस् स्वतन्त्रताबाट बञ्चित व्यक्तिको मानवीय व्यवहार सम्बन्धी सामान्य टिप्पणी नं २१(१९९२), प्रकरण ३ र उजुरी नं.१७७९/२००८, Mezine v. Algeria मा अक्टोबर २५, २०११ मा पारित अभिमतको प्रकरण ८.८; उजुरी नं.१७८०/२००८, Zarzi v. Algeria मा मार्च २२, २०११ मा पारित अभिमतको प्रकरण ७.८; र उजुरी नं.११३४/२००२, Gorji-Dinka v. Cameroon मा मार्च १७, २००५ मा पारित अभिमतको प्रकरण ५.२।

सिर्जना गर्न सक्छ।[▭▭] प्रस्तुत मुद्दामा अधिकारीहरुले जीतमान बस्नेतलाई करीब आठ महिनासम्म अज्ञात हिरासतमा राखेका र उनको परिवारको प्रयासको बाबजुद उनलाई राखिएको उनको ठाउँको बारेमा जानकारी उपलब्ध गराउन इन्कार गरेका र सैनिक भवनमा उनलाई थुनामा राखेको कुरालाई औपचारिक रुपमा अस्वीकार गरेका छन्। साथै, अधिकारीहरुले राष्ट्रिय मानव अधिकार आयोग र रेडक्रसको अन्तर्राष्ट्रिय समितिले प्रत्येक पटक निरीक्षण गर्दा जीतमान बस्नेत लगायतका थुनुवाहरुलाई ब्यारेकका विभिन्न ठाउँमा सारी लुकाउने गरेको कुरालाई खण्डन गरिएको छैन। तसर्थ, जीतमान बस्नेतको बलपूर्वक बेपत्ताले सो अवधिमा कानूनको संरक्षणबाट उनलाई बञ्चित गरेको र प्रतिज्ञापत्रको धारा १६ को उल्लंघन भएको समितिले ठहर गरेको छ।

८.८ उजुरीकर्ताहरुले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ उद्दृत गरेका छन्, जस अनुसार पक्ष राष्ट्रले प्रतिज्ञापत्रले स्थापित गरेका अधिकारहरुको उपभोग गर्न व्यक्तिले पहुँचयोग्य, प्रभावकारी र कार्यान्वयनयोग्य उपचार प्राप्त गर्ने कुरा प्रत्याभूत गर्नुपर्ने हुन्छ। समितिले पक्ष राष्ट्रले अधिकारहरुको आरोपित उल्लंघनलाई सम्बोधन गर्न घरेलु कानून अन्तर्गत गठन गर्ने न्यायिक र प्रशासनिक संयन्त्रको महत्वलाई समितिले पुनः उल्लेख गरेको छ। समितिले प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुको सामान्य कानूनी दायित्वहरुको प्रकृतिका सम्बन्धमा आफ्नो सामान्य टिप्पणी नं. ३१ (२००४) उद्दृत गरेको छ, जसमा उल्लंघनका अभियोगको अनुसन्धान गर्न पक्ष राष्ट्र असफल भएमा सो बाट प्रतिज्ञापत्रको छुट्टै उल्लंघन भएको हुनेछ

[▭▭] हेर्नुहोस्; उजुरी नं १६४०/२००७, El Abani v. Libyan Arab Jamahiriya (माथिको फुटनोट ८ हेर्नुहोस्), प्रकरण ७.९, उजुरी नं १३२७/२००४, Grioua v. Algeria मा जुलाई १०, २००७ मा पारित अभिमतको प्रकरण ७.८, उजुरी नं १४९५/२००६, Madoui v. Algeria मा अक्टोबर २८, २००८ मा पारित अभिमतको प्रकरण ७.७ र उजुरी नं १०९५/२००९, Khirani v. Algeria मा मार्च २६, २०१२ मा पारित अभिमतको प्रकरण ७.८।

भनी उल्लेख छ।प्रस्तुत मुद्दामा जीतमान बस्नेतले थुनामा रहँदा र थुनामुक्त भएपछि पनि प्रभावकारी उपचार प्राप्त गर्न नसकेको भन्ने समितिको धारणा छ।उनी थुनामा रहँदा टोप बहादुर बस्नेतले आफ्नो दाजुको खोजीमा भैरवनाथ ब्यारेकका अधिकारी सहित कयौं अधिकारीलाई भेटेका थिए। भैरवनाथ ब्यारेकका अधिकारीले उनलाई धम्की दिए र उनको दाजुको अवस्था र स्थानको बारेमा कुनै पनि जानकारी दिन अस्वीकार गरे।उजुरीकर्ताको प्रयास र जनवरी १९, २००५ को अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशको बाबजुद, जीतमान बस्नेतलाई पक्राउ गरिएको १० वर्ष जति भइसक्दा पनि उनको थुनासँग सन्बन्धित परिस्थितिलाई स्पष्ट पार्न र अपराधीहरुलाई न्यायको दायरामा ल्याउन पक्ष राष्ट्रबाट कुनै विस्तृत र प्रभावकारी अनुसन्धान भएको छैन। साथै, राष्ट्रिय मानव अधिकार आयोगले क्षतिपूर्ति स्वरुप जीतमान बस्नेतलाई प्रदान गरेको ५०,००० रुपैयाँलाई उनको अधिकारको गम्भीर उल्लंघनको सम्बन्धमा पर्याप्त उपचार भन्न मिल्दैन। त्यसैगरी, समिति समक्ष प्रस्तुत तथ्यले जीतमान बस्नेतको हकमा धारा ७, ९, १० (प्रकरण १) र १६ को साथसाथै धारा २ को प्रकरण ३ र टोप बहादुर बस्नेतको हकमा धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ उल्लंघन भएको समितिको निष्कर्ष रहेको छ।

९. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको मानव अधिकार समिति समक्ष प्रस्तुत जानकारी अनुसार पक्ष राष्ट्रले जीतमान बस्नेतको हकमा प्रतिज्ञापत्रको धारा ७, ९, १० (प्रकरण १) र १६ र धारा ७, ९, १० (प्रकरण १) र १६ को साथसाथै धारा २ को प्रकरण ३, र टोप बहादुर बस्नेतको हकमा धारा ७ र धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ को उल्लंघन गरेको मानव अधिकार समितिको राय छ।

१०. प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ को खण्ड (क) को प्रावधान अनुसार उजुरीकर्ताहरुलाई देहाय बमोजिमका काम समेत गरेर प्रभावकारी कानूनी उपचारको व्यवस्था मिलाउनु पर्ने पक्ष राष्ट्रको दायित्व होः क) जीतमान बस्नेतको थुना र भैरवनाथ ब्यारेकमा उनले भोगेका व्यवहारसँग सम्बन्धित तथ्यको विस्तृत र प्रभावकारी अनुसन्धान गरेर; र उल्लंघनमा जिम्मेवार भएकाहरुलाई अभियोजन, मुद्दाको करवाही र सजाय दिएर; (ख) उजुरीकर्तालाई सो अनुसन्धानको विस्तृत विवरण उपलब्ध गराएर; (ग) उजुरीकर्तालाई उल्लंघनको पीडा बापत को पर्याप्त क्षतिपूर्ति दिएर; (घ) उजुरीकर्ताहरुलाई आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनर्वास र चिकित्सा उपचारको प्रत्याभूत गरेर; र (ङ) सन्तुष्टिका उपयुक्त उपाय प्रदान गर्ने। यस प्रकारका उल्लंघनका घटनाहरू भविष्यमा नघटुन् भनी रोक्ने दायित्व पनि पक्ष राष्ट्रको हुन्छ।सो सम्बन्धमा पक्ष राष्ट्रले आफ्नो कानूनले प्रतिज्ञापत्रको उल्लंघन हुने तथ्यहरुको फौजदारी अभियोजन गर्न सक्ने गरी सुनिश्चित गरेको प्रत्याभूत गर्नुपर्छ ।

११. स्वेच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुँदा पक्ष राष्ट्रले प्रतिज्ञापत्रको उल्लंघन भए नभएको एकीन गर्ने समितिको सक्षमता स्वीकार गरेको कुरालाई ध्यानमा राख्दै प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार उल्लंघन भएको पुष्टि भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलव्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको राय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रबाट अपनाइएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा गरेको छ । साथै, यी विचारहरूलाई प्रकाशन गर्न र राज्यको सरकारी कामकाजका भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

## परिशिष्ट

(मूल प्रतिः अँग्रेजी)

**समिति सदस्य श्री युभल शानीको व्यक्तिगत राय**

**(आंशिक सहमति, आंशिक असहमति)**

१. पहिलो उजुरीकर्ता- जीतमान बस्नेतको हकमा बहुमतको निष्कर्षमा म सहमत भए तापनि दोस्रो उजुरीकर्ता- टोप बहादुर बस्नेतको उजुरीको ग्राह्यताको सम्बन्धमा भएका निष्कर्षका ती भागहरुमा समर्थन जनाउन म असमर्थ छु । पहिलो स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ५ अन्तर्गत व्यक्तिले उपलब्ध सबै उपचार उपयोग गरिसकेको कुरा समितिले निश्चित गर्नुपर्छ। तथापि, प्रस्तुत मुद्दाको मिसिलको कुनै पनि कुराले दोस्रो उजुरीकर्ताले घरेलु उपचार प्राप्त गर्न कुनै कदम चाल्ने वा प्रस्तुत उजुरी दर्ता गर्नु अगाडि पक्ष राष्ट्रलाई आफू मानव अधिकार उल्लंघनको पीडित भएको तथ्य सम्बन्धमा सचेत गराउने प्रयास गरेको संकेत गर्दैन। यथार्थमा, त्यस्तो कुनै कदम नचालिएको भनी पक्ष राष्ट्रले गरेको दाबीलाई दोस्रो उजुरीकर्ताले खण्डन गरेको छैन।

२. बहुमतले कुन ठोस उपचारले प्रत्येक उजुरीकर्ताले गरेको दाबीलाई पर्याप्त र प्रभावकारी रुपमा सन्तुष्ट गर्न सक्दथ्यो भन्ने कुरा पक्ष राष्ट्रले समिति समक्ष उल्लेख नगरेको भन्ने राय ग्रहण गरेको छ। यो अभिमत घरेलु उपचार उपयोग गरिनसकेको भन्ने दाबी लिने पक्ष राष्ट्रले "यस उजुरीको उजुरीकर्ताले उपयोग नगरेको उपलब्ध र प्रभावकारी उपचारको बारेमा उल्लेख गर्नुपर्ने" समितिको सामान्य दृष्टिकोण संगत छ।🗀🗀 यद्यपि, उजुरीकर्ताले उपचारको दाबी गर्न वा राज्यका अधिकारी समक्ष पीडितको रुपमा आफ्नो पहिचान प्राप्त गर्न कुनै कदम नचालेको

---

🗀🗀 स्वेच्छिक प्रोटोकलको प्रकरण ५ अन्तर्गत पक्ष राष्ट्रका दायित्व सम्बन्धी समितिको सामान्य टिप्पणी नं ३३(२००८)।

अवस्थामा यो दृष्टिकोणको अपवादलाई पनि स्वीकार गर्नुपर्छ भन्ने मेरो विचार छ। ती परिस्थितिहरु अन्तर्गत र सो सम्बन्धमा उजुरीकर्ताले त्यस्तो कदम नचालेको सम्बन्धमा कुनै कारण उल्लेख गर्न नसकेको अवस्थामा समिति समक्ष उजुरी प्रस्तुत गर्नु अगाडि पक्ष राष्ट्रले उल्लंघनलाई सही तवरले सम्बोधन गर्न मुनासिव अवसर दिनुपर्थ्यो भन्ने कुरा स्वीकार गर्न मलाई कठीन भएको छ।[1] फलस्वरुप, प्रस्तुत मुद्दाको परिस्थिति अन्तर्गत दोस्रो उजुरीकर्ताको उजुरीका सम्बन्धमा उपचारको उपयोग गरिसकिएको भन्ने ठहर गर्ने अवस्थामा समिति नरहेको भन्ने मेरो विचार छ।

[1] हेर्नुहोस् उजुरी नं. २५८०३/९४, Selmouni v. France, जुलाई २८, १९९९ को मानव अधिकार सम्बन्धी युरोपेली अदालतको निर्णयको प्रकरण ७४।